प्रवचन बोल्ने तरिकामा सहयोग



पाष्टरीय तालीम पुस्तिका

४३

तालीम र वृद्धि

T&M ®

तपाईंको मण्डलीलाई निर्माण गर्ने प्रकारले प्रचार गर्न यो अध्ययनले समर्थ पारुन् भनी परमेश्वरको सहायताको लागि प्रार्थना गर्नोस् ।

तपाईंलाई प्रचार गर्ने तरिका सिकाउन अनि तपाईंको मण्डलीमा परमेश्वरको वचन प्रयोग गर्न सहयोग पुऱ्याउनु नै यो अध्ययनको उद्देश्य हो ।

आवश्यक प्रवचन शिर्षक छान्नोस्

हाम्रो मण्डलीको अवस्था अनि हामी बसेको समाजको परिस्थिति विचार गरेर, साथै प्रार्थनापूर्वक परमेश्वरको वचन जाँचेर, हामीले प्रवचनको शिर्षक छान्नुपर्दछ ।

प्रार्थना

परमेश्वरसित नजीकको सम्बन्धमा रहनको निम्ति हामी प्रार्थना गर्दछौं, अनि उहाँको अगुवाइ खोज्दछौं । उहाँले हामीलाई दिनुहुने सन्देश हामी प्रचार गर्न चाहन्छौं । जसै

हामी बाइबल पढ्दछौं, अथवा मण्डलीको आवश्यकतालाई विचार गर्दछौं, परमेश्वरले हामीलाई प्रकट गर्नुहुनेछ भनी हामी भरोसा गर्दछौं ।



मण्डलीको खाँचोप्रति सचेत बन्नु होस्

कति पाष्टरहरुले परिणामको वास्तै नगरी प्रचार गर्दछन् । उनीहरुले आफ्ना मानिसहरुमा वचनलाई प्रयोगमा ल्याउनु पर्ने खाँचोलाई महसुस गर्दैनन् । हामीले आफ्नो मण्डलीका सदस्यहरुलाई राम्ररी चिन्नुपर्दछ ताकि हामीले उनीहरुको आवश्यकतालाई जान्न सक्नेछौं ।





हाम्रो मण्डलीको वास्ता गर्नुपर्ने अझ राम्रो उपाय के हो ?

☐ उनीहरुलाई भेटघाट गरेर अनि उनीहरुसित बातचीत गरेर ।

☐ उनीहरुलाई केवल प्रचार गरेर ।

निम्न कुराको लागि हामी हाम्रो बगाललाई चिन्दछौं अनि उनीहरुसित बातचीत गर्दछौं:

☐ उनीहरुको खाँचो अनुसार बाइबलको शिक्षालाई प्रयोग गर्नु ।

☐ तिनीहरुको भूलको आलोचना गर्नु ।

प्रवचन तयारी गर्नुभन्दा अघि, तपाईंको मण्डलीका सदस्यहरुको बारेमा विचार गर्नोस् ।

- तिनीहरुलाई कस्तो सल्लाह चाहिन्छ ?
- तिनीहरुको अरु खाँचो के के होला ?
- तिनीहरुले कस्ता प्रश्नहरु सोध्छन् ?
- कसरी म तिनीहरुलाई अरु बढी प्रेमिलो बनाउन सक्छु ?

- तिनीहरुको जीवनको कुन भाग खीष्टमा अझ बढी समर्पित हुनु खाँचो छ ?

- कसरी म तिनीहरुलाई अझ बढी विश्वाससँग प्रार्थना गर्न सहयोग गर्नसक्छु ?

- कसरी म तिनीहरुलाई मुक्तिको निश्चयता दिन सहयोग गर्नसक्छु ?

- खीष्टका कुन आज्ञाहरुबाट तिनीहरुलाई सहयोग पुऱ्याउनु खाँचो छ ?

- बाइबलको कुन शिक्षा अथवा सेवकाइ तिनीहरुले अझ बढी बुझ्न खाँचो छ ?

- कसरी म तिनीहरुलाई समुदायमा पुऱ्याउनु पर्ने इसाई सेवामा सक्रिय बन्न मदत गर्न सक्छु ?

पाष्टरको हृदय भएको प्रचारकले आफ्नो बगाललाई राम्ररी देखरेख गर्दछ । उसले तिनीहरुको समस्या, तिनीहरुको भित्री इच्छाहरु, तिनीहरुको वरदानहरु अनि प्रभुप्रति तिनीहरुको समर्पणलाई जान्दछ ।

तपाईंको मण्डलीमा भएका तीन खाँचोहरु लेख्नुहोस् :

१. _____

२. _____

२. _____

बाइबल अध्ययन

यदि हामीले माथि-माथिका कुराहरु अनि साधारण खाँचोहरुलाई मात्र ध्यान दियौं भने हाम्रो प्रचार एकदमै बोक्रे हुनजान्छ । कहिले-काहीँ हामीले मण्डलीको गहिरो खाँचोलाई चिन्दैनौं, न ता कुन कुराले मण्डलीलाई निष्क्रिय पारेर जमाइरहेको छ, हामी जान्दैनौं । यसैकारण प्रार्थना र बाइबल अध्ययन अति मुख्य छ, फलस्वरुप परमेश्वरले हामीलाई मण्डलीको खास खाँचो प्रकट गरिदिनुहुन्छ ।



बाइबलबाट एक खण्ड चुन्नुहोस्
(बाइबलको खण्ड)

मण्डलीको खाँचोलाई पूरा गर्ने प्रकारको पद्यांश चुन्नुहोस् ।

समय समयमा, हामीले बाइबलको सारा पुस्तकबाट पनि सिकाउनु पर्दछ । मानिसहरु अहिले जुन आत्मिकी स्तरमा छन्, त्यही अनुसार उनीहरुको आत्मिक उन्नति हुने प्रकारको पुस्तक तपाईंले चुन्नु होस् । यदि यो लामो पुस्तक भए थुप्रै प्रवचनहरु तयार पार्नोस् ।

के तपाईले कुनै बाइबल पुस्तकमाथि क्रमबद्ध प्रवचनहरु प्रचार गर्नुभएको छ ?

_____

तपाईंको प्रचारमा विभिन्नता ल्याउनुहोस् । धेरै लामो समयसम्म एउटै पुस्तकबाट प्रचार गर्दा मानिसहरुलाई झर्को लाग्दो होला । क्रमबद्ध प्रचार गर्ने क्रममा कहिले काहीँ अरु सन्देशहरु पनि संलग्न गर्नु राम्रो हुन्छ ।

प्रवचनलाई बाइबलको एउटै खण्डमा आधारित गर्नु नै सर्वोत्तम हो । विभिन्न पुस्तकहरुबाट धेरै पदहरु लिएर भन्दा यस प्रकारको प्रस्तुतिले राम्रो परिणाम ल्याउँछ । तपाईंको उद्देश्यअनुसार यदि कुनै सुहाउँदिलो पद सम्झनामा आएन भने, बाइबल शब्दकोष अथवा शब्दानुक्रम इत्यादि हेर्नसक्नु हुनेछ । तपाईंको प्रशिक्षकले पनि कुनै पद दिनसक्नु हुन्छ ।

जसै तपाँले प्रार्थना र वचन अध्ययन गर्नुहुन्छ, तपाईंको मण्डलीको वर्तमान खाँचो र अरुहरुलाई सेवा गर्ने अवसर प्रभुले तपाईंलाई प्रकट गरुन् ।

यो खाँचो अथवा अवसरलाई सेवा पुऱ्याउनको निम्ति बाइबलको कुन खण्डले मदत पुऱ्याउँछ ?

खण्डको मुख्य बुँदाहरुलाई चिन्नोस्

तपाईंले प्रचार गर्न लाग्नु भएको खण्डको विस्तृत विवरण अध्ययन गर्नुहोस् ।

तपाईंका मानिसहरुको लागि काम लाग्ने कुन सत्यताहरु तपाईंले पाउनु हुन्छ ? यस खण्डबाट परमेश्वरले अरु कुन चाखलाग्दा कुराहरु हामीलाई सिकाउनुहुन्छ ?

उदाहरणः

यूहन्ना ३:१६

१. परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ ।

२. उहाँले आफ्नो पुत्र हाम्रो निम्ति दिनुभयो ।

३. हामीले उहाँमा विश्वास गर्नैपर्छ ।

४. उहाँले हामीलाई अनन्त जीवन दिनुहुन्छ, अनि हामीलाई दोषी ठहराउनु हुन्न...



केही प्रमुख कुराहरु लेख्नुहोस् ।

रोमी ५:१२ ले भन्दछ: *"एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।"*

तपाईंले धेरै बुँदाहरु भेट्टाउन सक्नुहुन्छ । तर मानिसहरुको गहन आत्मिकी खाँचो चिनाउनको निम्ति कुन अति प्रमुख छन्, तिनीहरुलाई राम्ररी चिन्नको निम्ति, फेरि पढ्नोस् ।

हामीले यसरी जोड दिनसक्छौं:

- आदमद्वारा पाप पस्यो ।
- पापले मृत्यु ल्यायो ।
- पाप र मृत्युले सबैलाई प्रभाव पार्दछ ।

एफिसी २:८-१० पढ्नुहोस् । मुक्तिको निम्ति कुन कुराहरु बुझ्नु अति खाँचो छ ? यी बुँदाहरु चिन्नु पर्दछ :

- मुक्ति ता परमेश्वरको अनुग्रहबाट मात्र हासिल हुन्छ (पद ८)।

- मुक्ति विश्वासद्वारा ग्रहण गरिन्छ (पद ८)।
- मुक्ति हाम्रो धर्मकर्मबाट होइन (पद ९)।
- असल धर्मकर्म ता हामीले पाएको मुक्तिको निम्ति आवश्यक परिणाम हुन् (पद १०)।

कुनै खण्डबाट मुख्य सत्य कसरी चिन्नु भन्ने बारेमा तलका रुपरेखाले बुझाउँछ। (रुपरेखा चाहिँ कुनै पाठको संक्षिप्त रुप हो। यसमा विषय वस्तु र मुख्य बुँदाहरु दिइएका हुन्छन्)

पश्चाताप – लूका १९:१-१०

- जक्कैले येशूलाई खोजे (पद १-५)
- जक्कैले खीष्टलाई चिने (पद ५-७)
- जक्कैले खीष्टको पुकारालाई स्वीकारे अनि पश्चाताप गरे (पद ८-१०)

प्रभुभोज – १ कोरन्थी ११:२३-२६

- यो खीष्टको आज्ञा हो (पद २३-२४)
- यो हामीले उहाँको सम्झनामा गर्ने गर्दछौं (पद २४)
- यसले नयाँ करारलाई पक्का पारेको छ (पद २५)

हराएकोलाई पुनर्स्थापित गर्नु – लूका १५:११-३२

- आफ्नौ राजीखुशीमा छोरो टाडो गएको थियो (पद ११-१३)
- छोरोले आफू हराएको छु भनी महसुस गऱ्यो (पद १४-१७)

- छोरोले आफ्नो हृदयमा भएको विशेष परिवर्तन महसुस गऱ्यो (पद १८-१९)

- छोरोको मिलाप भयो (पद २०-२४)

प्रार्थना – मत्ती ६:९-१३

- प्रभुको प्रार्थनाले प्रार्थनामा हुनुपर्ने निम्न कुराहरु सिकाउँछ:

- परमेश्वरसितको सम्बन्ध (स्वर्गमा हुनुहुने हाम्रा पिता)

- आराधना (तपाईंको नाउँ पवित्र गरियोस्)

- परमेश्वरको राज्य विस्तारको निम्ति निवेदन (तपाईंको र ाज्य आओस्, तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा भएको होस्)

- आवश्यक खाँचोहरुको निम्ति निवेदन (हामीलाई आज दिनभरिको भोजन दिनुहोस्)

- त्रपाप स्वीकार (हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं ।)

- आत्मिकी विजयको निम्ति निवेदन (हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्)

- प्रशंसा (किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमिन् ।)

यी केही उदाहरणहरु हुन् । तपाईंले अरु मुख्य बुँदाहरु पनि भेट्टाउनुभयो होला ।

अब यूहन्ना १४:६ को एक रुपरेखा बनाउनु होस् ।

“येशूले भन्नुभयो, ‘बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन’।”

यो खण्डको मुख्य विषय-वस्तु (सन्देश) के हो ?

यो खण्डबाट, तपाईंले चिन्न सक्नुभएको दुइ, तीन अथवा चार “बुँदाहरु”को रुपरेखा बनाउनु होस्।

विषयको प्रस्तुति तयार पार्नोस्
(व्याख्या, उदाहरण अनि प्रयोग)

तपाईंले रुपरेखाका बुँदाहरुलाई तीन रुपमा विकास गर्नोस्, अथवा स्पष्ट पार्नोस्:

- यसलाई राम्ररी व्याख्या गर्नोस् ।
- यसलाई उदाहरणसहित बुझाउनु होस् (बाइबलबाट अथवा दैनिक जीवनबाट नमूनाहरु दिएर, अथवा प्रभु येशूका दृष्टान्तहरुलाई आपसमा तुलना गरेर)
- यसलाई प्रयोग गर्नोस् (उपस्थित हुनुभएका व्यक्तिहरुको जीवनमा)

बुँदाहरुलाई यसरी स्पष्ट पार्नसकिन्छ:

- बाइबलका कथाहरुद्वारा
- नमूनाहरुद्वारा
- उदाहरणहरुद्वारा
- चित्रहरुद्वारा
- प्रोत्साहनहरुद्वारा
- प्रश्नहरुद्वारा
- कविताहरुद्वारा
- इत्यादि ।

तलको उदाहरणले कसरी येशू हाम्रो "बाटो" हुनुहुन्छ भनी बुझाएको छ । कुनै बाटोले हामीलाई हाम्रो गन्तव्यमा पुग्न सहायता गर्दछ । उत्तरतिर जानलाई हामी दक्षिणतिरको बाटो पक्दैनौं ! येशू नै परमेश्वरकहाँ पुग्ने बाटो हुनुहुन्छ । उहाँको मृत्युले हामीलाई मुक्ति दिन्छ, अनि हाम्रो बाटो खोलिदिन्छ । उहाँका शिक्षाहरुले हामीलाई बाटोमा निर्देशन दिँदछ, अनि उहाँको आत्मा हाम्रो हृदयभित्र बास गर्नुहुन्छ । येशूले हाम्रो गन्तव्य (स्वर्ग) मा हाम्रो निम्ति एउटा ठाउँ तयार पारेर पर्खिनुहुन्छ ।

कसरी येशू “बाटो” हुनुहुन्छ भनी अर्को उदाहरण लेख्नोस् ।

परिचय तयार पार्नोस्
(प्रारम्भ)

परिचयले विषय-वस्तुको प्रमुखता र उद्देश्यलाई जोड दिएको हुन्छ । उदाहरणको लागि, अनुग्रह सम्बन्धी कुनै प्रवचन यसरी शुरु हुनसक्छः “के तपाईंले कहिल्यै तपाईंको निम्ति परमेश्वरको प्रेमबारे शङ्का गर्नुभएको छ ? ज्यू, जब तपाईंले परमेश्वरको अनुग्रहबारे बुझ्नुहुन्छ, तब तपाईंलाई बढो हलुका महसुस हुनेछ । परमेश्वरको अनुग्रहको असीमित गहिराइबारे हामी एफिसी २ मा जान्न सक्नेछौं ।”

निष्कर्षको निम्ति तयारी
(प्रवचनको अन्त)

निष्कर्षले मानिसहरुलाई प्रोत्साहित गर्दछ अनि परमेश्वरको इच्छा पूरा गर्न इच्छुक बनाउँछ। उदाहरण:

"अब हामीलाई थाहा भयो कि परमेश्वरले हामीलाई उहाँको प्रशस्त अनुग्रहले आशिषित तुल्याउनु भएको रहेछ। यसकारण हामी शङ्कालाई पन्छाएर पर सारौं। हामी हाम्रो विश्वास र आशामा अझ दृढ भएर अघि बढौं। उहाँको अनुग्रहले हामीलाई परिवर्तन गरेको छ भन्ने कुरो हामी अरुहरुलाई देखाउन सकौं। हामी हरेकलाई उहाँको अनुग्रह दिनुभएको निम्ति परमेश्वरलाई धन्यवाद दिँदै हामी केही क्षण चुपचाप प्रार्थनामा बिताऔं। तपाईंको जीवनमा कसरी उहाँको अनुग्रहले काम गरेको छ, त्यसलाई कसरी प्रकट गर्न चाहनुहुन्छ, प्रभुलाई भन्नुहोस्। प्रभुलाई अहिल्यै भन्नुहोस्....हामी प्रार्थना गरौं।"

सारांश

१. प्रवचनको विषय-वस्तु चुन्नलाई:

- ☐ हामीले मानिसहरु अनि तिनीहरुको अवस्थालाई बुझ्नुपर्दछ ।
- ☐ परमेश्वरको अगुवाइ खोज्दै हामीले प्रार्थना गर्नुपर्दछ ।
- ☐ हामीले परमेश्वरको वचनलाई जाँच्नुपर्दछ ।
- ☐ यी सबै ।

निश्चयता: हामी यी सबै विषय-वस्तु चुन्नलाई गर्दछौं ।

२. बाइबल खण्ड छानेपछि, हामीले वचन साधारणतया यसप्रकारले सिकाउन सक्छौं:

- ☐ एउटै खण्डको व्याख्या गरेर अनि प्रयोगमा डोऱ्याएर ।
- ☐ सम्बन्धित विषय-वस्तु अथवा थीमबारे बाइबलका थुप्रै विभिन्न खण्डहरु व्याख्या गरेर ।

निश्चयता: एउटै विषय-वस्तुबारे असंख्य पदहरु छानेर व्याख्या गरिरहँदा मानिसहरुलाई अल्छी लाग्न सक्छ अनि उनीहरु अलमलमा पनि पर्दछन् । बरु यही एउटै

पदबाट अथवा अर्को एक-दुइवटा थपेर, एउटै विषय-वस्तुका विभिन्न कोणहरुबारे सिकाउन सकिन्छ, जसले विषय-वस्तुलाई छर्लङ्ग पनि पार्दछ ।

३. बुँदाहरु

- ☐ विषय-वस्तुका उदाहरणहरु हुनुपर्दछ (अर्थात विषय-वस्तुसित सम्बन्धित हुनुपर्दछ)।
- ☐ विषय-वस्तुलाई व्यवहार (प्रयोग) मा ल्याउनु पर्ने बाइबल खण्डका विशेष सत्यहरु हुनुपर्दछ ।

निश्चयता: असल रुपरेखाका बुँदाहरु बाइबल खण्डका प्रमुख सत्यहरुकै आधारमा हुन्छन् ।

४. अनुग्रह भनेको "पाउन नमिल्ने कृपा पाइएको" भनेर बुझाउनको लागि सर्वोत्तम उदाहरण कस्तो हुनसक्छ ?

- ☐ नूहको जहाज ।
- ☐ उडाऊ पुत्र (जब उसले पश्चाताप गऱ्यो उसले क्षमादान पायो)।

निश्चयता: हामीले परमेश्वरको क्षमादान र पाउन नमिल्ने आशिष हाम्रो विश्वासद्वारा (कामबाट होइन) पाउँदछौं, यो चाहिँ शुद्ध अनुग्रह हो ।

५. प्रवचनको निम्ति परिचयको उद्देश्य के हो ?

☐ हरेक कुरो बुझाउने ।

☐ श्रोताहरुमा प्रवचनबारे अभिरुची जगाउने ।

निश्चयता: परिचय चाहिँ अभिरुची जगाउनुकै निम्ति हुनुपर्छ ।

६. प्रवचनको निष्कर्षको उद्देश्य के हो ?

☐ सबै कुरालाई फेरि एकचोटि व्याख्या गर्नु ।

☐ मानिसहरुलाई उनीहरुको जीवनमा प्रवचनलाई प्रयोग गर्न प्रोत्साहित गर्नु ।

निश्चयता: यसले श्रोताहरुलाई प्रवचनको प्रमुख सत्यहरु प्रयोग गर्न प्रोत्साहित गर्दछ ।

अभ्यासको काम

- तपाईंले प्रचार गर्न चाहनुभएको प्रवचनको एक रुपरेखा बनाउनु होस् । त्यसपछि, तपाईंको सन्देश तपाईंको प्रशिक्षकलाई देखाउनु होस् । रुपरेखामा एउटा परिचय, दुइ वा तीन बुँदाहरु (उदाहरण र प्रयोगसहित), अनि एक स्पष्ट व्यावहारिक निष्कर्ष हुनुपर्छ ।

टिप्पणीहरु:

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

043NP01A-01